परवानीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ६ मितिः- २०७७/१२/१० गते

## भाग-१

# परवानीपुर गाउँपालिका अध्यक्ष बालिका सगुन योजना (संचालन ) कार्यविधि, २०७७

कार्यपालिकाबाट पारित मितिः-२०७७/१२/१० गते

## परवानीपुर गाउँपालिका अध्यक्ष वालिका सगुन योजना (संचालन ) कार्यविधि, २०७७

यस गाउँपालिका क्षेत्र भित्र हालसम्म पनि विद्यमान रहेका छोरा छोरी वीचको भेदभावलाई आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा अन्त्य गर्दै अभिभावकहरुलाई वालिकाहरुको उच्च शिक्षाप्रति प्रोत्साहित गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४(२) बमोजिम परवानीपुर गाउँपालिकाको कार्यालयबाट " अध्यक्ष वालिका सगुन योजना संचालन कार्यविधि २०७७" लागु गरिएको छ ।

परिच्छेद (१)

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम " अध्यक्ष वालिका सगुन योजना संचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) " वालिका " भन्नाले यस परवानीपुर गाउँपालिका भित्र जन्म भई जन्म दर्ता गराएकी मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उतीर्ण गरेकी वालिकालाई सम्झनु पर्दछ ।

(ख) " सगुन " भन्नाले धार्मिक र सामाजिक परम्परा अनुसार छोरीको विहेको अवसरमा दिईने उपहार सम्झनु पर्दछ ।

(ग) " संचालन समिति " भन्नाले दफा ६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(घ) " प्रमाणपत्र " भन्नाले मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा तोकिएको तहसम्मको शैक्षिक योग्यताको प्रमाणपत्र सम्झानु पर्दछ ।

३. कार्यविधिका उद्देश्यहरु :

(क) गाउँपालिका क्षेत्र भित्र स्नातक उतीर्ण गराई छोरीहरुको विवाह गर्ने अभिभावक तथा घरधुरी पहिचान गर्ने ।

(ख) समाजमा व्याप्त वालविवाह तथा दहेज प्रथालाई न्यूनिकरण गर्ने ।

(ग) छोरी शिक्षाप्रति समाजलाई उत्प्रेरित गर्ने ।

(घ) कार्यक्रमलाई दिनप्रतिदिन प्रभावकारी बनाई व्यापकता दिईनेछ ।

परिच्छेद (२)

कार्यक्रम संचालन हुने क्षेत्र र बजेटको व्यवस्था :

४.योजना संचालन हुने लक्षित वर्ग : परवानीपुर गाउपालिका भित्र बसोवास गरिरहेका घरधुरी मध्येबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उतीर्ण गरी शैक्षिक योग्यताको प्रमाणपत्र र वडा कार्यालयको सिफारिश सहित गाउँपालिकामा पेशहुन आएका वालिकाहरुको लागि मात्र संचालन हुनेछ ।

५. बजेट व्यवस्थापन : यस कार्यविधिको लक्ष्यलाई पुरा गर्न परवानीपुर गाउँपालिकाको गाउँसभाबाट विनियोज गरिएको रकमबाट संचालन हुनेछ । यो रकम हरेक वर्ष फरक फरक हुन सक्नेछ ।

परिच्छेद (३)

## कार्यक्रम संचालन तथा व्यवस्थापन

६. संचालन समिति गठन : यस योजनालाई प्रभावकारी रुपमा संचालन गर्न देहाय बमोजिमको संचालन समिति कार्यपालिकाको बैठकबाट गठन हुनेछ :–

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्यहरुबाट १ जना महिला | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| स्थानीय सुरक्षा निकायको तर्फबाट प्रतिनिधि | सदस्य |

७. संचालन समितिको काम, कर्तव्य तथा अधिकार : संचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) लक्षित घरधुरी तथा वालिका पहिचान गर्ने ।

(ख) वडा कार्यालयको सिफारिश सहित पर्न आएको निवेदन उपर जाँचबुझ गरी वास्तविक वालिका छनौट गर्ने ।

(ग) रीतपुर्वक छनौटमा परेका वालिकाको विहेकै दिन अध्यक्ष वालिका सगुन योजना अन्तर्गतको रकम रु. ५१ हजार पालिकाका अध्यक्ष लगायतका जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृत /सामाजिक विकास शाखा प्रमुखको उपस्थितिमा विवाह स्थालमै प्रदान गर्ने ।

**८. योजना कार्यान्वयन तथा व्यवस्थापन प्रकृया :**

(क) हरेक वर्ष गाउँसभाबाट आवश्यकता अनुसारको बजेट विनयोजन गरिनेछ ।

(ख) रीतपूर्वक पर्न आएको निवेदन उपर आवश्यक छलफल एवं जाँचबुझ गरी संचालन समितिको निर्णय अनुसार सगुन वापतको रकम प्रदान गरिनेछ ।

(ग) यस योजनाको लागि वर्षैभरि आवेदन खुल्ला रहनेछ ।

(घ) यस कार्यक्रमलाई अझ प्रभावकारी र व्यवस्थित बनाउन संचालन समितिले अन्य निकायहरुको सहयोग लिन सक्नेछ ।

९. संशोधन र खारेजी :

(क) यस कार्यविधिमा केही सशोधन वा खारेजी गर्नुपर्ने भए संचालन समितिको सिफारिशमा गाउँ कार्यपालिकाले गर्नेछ ।

अनुसूची

अध्यक्ष वालिका सगुन योजना अन्तर्गतको रकम प्राप्त गर्न चाहिने आवश्यक कागजातहरु :

(क) लक्षित वालिकाको हस्ताक्षर र फोटो सहितको अभिभावकको निवेदन

(ख) जन्म दर्ता/नागरिकताको प्रतिलिपी

(ग) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उतिर्ण गरेको शैक्षिक योग्यताको प्रमाण पत्र

(घ) सम्बन्धित वडा कार्यालय नाता प्रमाणित सहितको सिफारिश

कार्यपालिकाबाट स्वीकृत मितिः-२०७७/१२/१० गते
प्रमाणिकरण मितिः- २०७७/१२/१० गते

आज्ञाले
सुनिल चौरसिया
प्रमुख प्रशासकीय अधिकृत